स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत शुक्रबार फिल्म 'माग्ने राजा'को पोस्टर सार्वजनिक कार्यक्रममा अभिनेता केदार घिमिरे 'माग्ने बुढा'को पारिश्रमिकबारे निर्माताले खुलासा गरेपछि त्यसले फिल्म क्षेत्रमा नै तरंग ल्याएको छ । उनलाई फिल्मका लागि ६१ लाख पारिश्रमिक दिएको निर्माता मुनाल घिमिरेको दाबी छ । तर, यही फिल्ममा केदारको जोडी भएर काम गरेकी अभिनेत्री वर्षा सिवाकोटीको पारिश्रमिक भने खुलाइएन ।

**आजको विचार...**



संसदमा... (दुई पेजमा)

दुर्गा प्रशाद अर्याल



आफ्नो पोस्टमा टिप्पणी गर्ने एक प्रयोगकर्ताको जानकारी गायिका समीक्षा अधिकारीले सामाजिक सञ्जालमा सार्वजनिक गरेकी छन् । आफ्नो टिप्पणी समीक्षाले सार्वजनिक गरेपछि ती प्रयोगकर्तले लगत्तै गायिकासँग माफी मागेका छन् । ती प्रयोगकर्तले गायिका अधिकारीसँग क्षमा माग्दै लेखेका छन्, 'समीक्षा बहिनी जे लेखियो, त्यसको लागि फद्यदेखि माफी माग्छु । यसलाई लामो बनाउनुभन्दा फेरि भेट हुँदा हात जोडेर माफ मागुँला अब ।'वास्तवमा, ती प्रयोगकर्तले गायिका अधिकारीको विगतलाई लिएर टिप्पणी गरेका थिए ।

❒ वर्ष ३० ❒ अंक ३२८ ❒ २०८२ असार ९ गते सोमबार 23 June 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बन्दुकधारीको आक्रमणमा दुईको मृत्यु



(रासस/एएफपी)

**फ्रान्समापेरिस,** असार ८/फ्रान्सको दक्षिणपूर्वी क्षेत्रमा आइतबार बिहान एक विवाह समारोहमा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा बेहुलीसहित दुई जनाको मृत्यु भएको छ । आक्रमणबाट अन्य तीन जना घाइते भएको अनुसन्धानमा संलग्न एक स्रोतले जनाएको छ । स्थानीय समयअनुसार गौल्ट गाउँमा आक्रमण भएको थियो । प्रारम्भिक जानकारीअनुसार दुलहा र दुलही पार्टीबाट निस्कँदै गर्दा नकाबपोश आक्रमणकारीले गोली चलाएको अनुसन्धानमा संलग्न स्रोतले जनाएको छ । आक्रमणकारीमध्ये एकको दुलाहा र दुलही बोक्ने गाडी सुरक्षाका लागि भाग्दै गर्दा त्यसले दिएको ठक्करबाट मृत्यु भएको र दुलहीको आक्रमणकारीको गोली लागी मृत्यु भएको थियो । स्रोतका अनुसार गोली काण्डमा संलग्नको खोजीका लागि करिब १०० जना प्रहरी परिचालन गरिएको छ ।

# बुटवललाई पर्यटकीय विश्रामस्थल बनाइने

रासस

**लुम्बिनी,** असार ८/बुटवल उपमहानगरपालिकाले बुटवललाई पर्यटकीय विश्रामस्थल बनाउन लुम्बिनी आउने बौद्ध धर्मावलम्बी र मुक्तिनाथ जाने हिन्दू धर्मावलम्बीको विश्रामस्थलका रुपमा स्थापित गर्ने नीति सार्वजनिक गरेको छ ।

नगरप्रमुख खेलराज पाण्डेयले नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बुटवललाई विश्रामस्थल बनाउन अन्य स्थानीय तहसँग सहकार्य गरी पर्यटक आगमन वृद्धि गर्ने र बुटवलका पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने नीति लिइएको घोषणा गरे। यस्तै बुटवललाई दक्ष जनशक्ति उत्पादनमा विशेष जोड दिने लक्ष्यसहित आगामी आर्थिक वर्षका लागि वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । बुटवललाई सीप तथा रोजगारमा विशेष जोड दिएको नगर प्रमुख पाण्डेयले बताए । उनले बुटवलमा सीपसहितको जनशक्ति र रोजगार सिर्जनाका लागि पर्याप्त लगानी गर्ने गरी नीति तयार गरेको बताए । नीति तथा कार्यक्रममा बुटवलवासीको उपचारका क्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थको शुल्क हटाउन रक्तसञ्चार



केन्द्रलाई उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ । बुटवलका गृहिणी महिलालाई रोजगारसँग जोड्दै स्वरोजगार बनाउन नगरप्रमुख गृहिणी महिला रोजगार कार्यक्रमअन्तर्गत उत्पादित वस्तुको उत्पादन र बिक्री केन्द्र (कोसेली घर) स्थापनामा जोड दिइने उल्लेख छ । त्यसरी उत्पादन भएका सामग्रीलाई नगरको चिनोका रुपमा उपयोग गर्ने नीति लिइनेछ । गृहिणी महिलालाई एकजुट बनाई सीप र व्यवसायका माध्यमबाट आर्थिकोपार्जनमा अगुवाइ गर्ने नीति लिइने र गृहणी महिला रोजगार कार्यक्रमअन्तर्गत टोल, वडा तथा नगरस्तरीय सञ्जाल र सीप तथा रोजगार परिषद् गठनको नीति लिइने कार्यक्रम सार्वजनिक गरिएको छ । यस्तै बुटवल वडा नं ७ स्थित शिवनगरमा रहेको गौशालाको व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै बुटवल-१२ चारपाला सामुदायिक वनमा बहुउद्देश्यीय कामधेनु गौशाला तथा अन्य आवश्यक स्थानमा गौशाला स्थापना गरिने घोषणा गरिएको छ । साथै, नवलपरासीको बर्दघाटदेखि दाङसम्मका सडकमा रहेका छाडा पशु चौपायाको व्यवस्थापनका लागि गाई राष्ट्रिय निकुञ्ज निर्माण गर्न लुम्बिनी प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारसँग समन्वय गरिनेछ । यस्तै बुटवलको योगीकुटीदेखि चिडियाखोलासम्म, रामनगरदेखि तामनगरसम्म, बेलबास-बेथरी सडक, तामनगर-शुद्धोधन सडकलाई उज्यालो र हरियाली सडकका रुपमा सौन्दर्यीकरण गरिने घोषणा गरिएको छ । 'घुमौं बुटवल' अभियानअन्तर्गत यसै आर्थिक वर्षलाई बुटवल भ्रमण वर्ष घोषणा गरी आन्तरिक र बाह्य पर्यटकको आगमनलाई वृद्धि गर्न अभियान सञ्चालन गरिनेछ । पर्यटकीयस्थलको पहिचानलाई व्यापक बनाउन आवश्यक स्थानमा डिजिटल डिस्प्ले र प्रचार सामग्री निर्माण गरिनेछ । बुटवललाई पर्यटकीय विश्रामस्थलका रुपमा स्थापित गर्न बुटवलदेखि मुक्तिनाथ, लुम्बिनी, बाँके-बर्दिया राष्ट्रिय निकुञ्ज, सुपादेउराली, रेसुङ्गा, पाल्पा, चितवन, त्रिवेणी, रिडी, भैरवस्थान, रानीमहल, आलमदेवी, सेतीवेणीजस्ता पर्यटकीयस्थलसम्मको यात्रा तथा बुटवल-चितवन-पोखरा त्रिकोणीय पर्यटन प्रवर्द्धनका लागि आवश्यक अभियान सञ्चालन गरिने बताइएको छ । बुटवलका महत्वपूर्ण पर्यटकीयस्थल जितगढी किल्ला, युद्ध सङ्ग्रहालय, पुरानो बुटवल क्षेत्र, मणिमुकुन्दसेन उद्यान, हिलपार्क, मिलनपार्क, पिस पार्क, सिद्धबाबा धाम, मुक्तिनाथ धाम, नीलकण्ठबाबा धाम, नरैनापुर धाम, बैठौलिया ताल, वाटरपार्क, थारु सङ्ग्रहालय, भैरव पार्क, पाणिनी पार्क, लक्ष्मी पार्कलगायत अन्य ऐतिहासिक, धार्मिक, सांस्कृतिक पर्यटकीयस्थलमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । बुटवल-नुवाकोट क्षेत्रमा पैदलमार्ग निर्माण गरी शिवपार्कका रुपमा स्थापित गरिनेछ । कर्णेल उजिरसिंह पार्क तथा रामापिथेकस पार्क निर्माण तथा हिलपार्कमा बुद्ध मूर्ति स्थापनाका लागि पहल गरिने उल्लेख छ ।

## आज विश्व एकल महिला दिवस




**पाल्पा,** असार ८/आज एकल महिला दिवस । नेपालमा पनि विभिन्न कार्यक्रम गरेर मनाईदैंछ । दिवसका अवसरमा देभका विभिन्न ठाउँमा एकल महिलाहरुको सम्मान र उनीहरुको वर्तमान अवस्था, अवसर र चुनौतिका बारे व्यापक छलफल हुने गर्दछ ।

*-बाँकी अन्तिम पेजमा...*

## सूचना सुचना सूचना

मिति : २०८२/३/८

पाल्पा उद्योग वाणिज्य संघको मिति २०८१ माघ २४ गते बसेको २० औं बैठकमा पेश भई कागजपत्र पुरा नभएको कारणले सदस्यता प्राप्त गर्न बाँकी रहेका आवेदकहरुले नपुग कागजपत्रहरु बुझाउनको लागि पटक पटक क्षेत्रीय प्रतिनिधी मार्फत खवर गरिएकोमा हालसम्म पनि प्राप्त नभएकोले सुचना प्रकाशित भएको मितिले एक हप्ता भित्र आवश्यक कागजपत्र पेश गर्नु भई सदस्यता प्राप्त गर्नको लागि सचिवालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

अनुरोधक

**पाल्पा उद्योग वाणिज्य संघ**

तानसेन, पाल्पा

अन्य थप जानकारीको लागि : ०७५-५२०१३३, ५२११६४, ९८५७०६८३२५

# 'सक्षम खेलाडी उत्पादन गर्न प्रशिक्षण'

**पाल्पा (रामपुर),** असार ८/जिल्लाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले सक्षम खेलाडी उत्पादन गर्न महिला/पुरुष भलिबल तथा फुटवल खेलसम्बन्धी खेलाडीलाई प्रशिक्षण दिइएको बताएका छन् । मेयर कप विविध खेलकुद प्रशिक्षण कार्यक्रम अन्तर्गत बालबालिकाहरुलाई भलिबल तथा फुटबल खेल सम्बन्धी प्रशिक्षण दिइएको उनले बताए ।

रामपुर नगरपालिकाको आयोजना र नगर खेलकुद विकास समितिको सञ्चालनमा गत जेठ ७ गते देखि भएको प्रशिक्षण कार्यक्रमलाई समापन गर्दै नगर प्रमुख थापाले बालबालिकाको प्रतिभालाई उजागर गरि सक्षम खेलाडी उत्पादन गर्न एक महिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको उल्लेख गरे । उनले भने "सक्षम खेलाडीसँगै बालबालिकालाई खेलकुदको माध्यमबाट अनुशासन, शारीरिक, मानसिक तथा भावनात्मक विकासमा समेत टेवा पुगोस् भन्ने हाम्रो चाहना हो ।" मेयर कप सञ्चालन हुँदा धेरै बालबालिकाले अवसर नपाएकाले उनीहरूलाई खेल सिकाउन विशेष



प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको उनको भनाई छ । आगामी दिनमा अन्य खेल विधाहरूलाई पनि समेट्दै प्रशिक्षण कार्यक्रमलाई थप विस्तार नगर प्रमुख थापाले बताए । उनले खेल क्षेत्रको सम्भावना रहे पनि सरकारले सोही अनुसारको लगानी गर्न नसक्नु दुखद रहेको बताए । खेलकुदले देशलाई चिनाउने भन्दै खेलाडीलाई हौसला र सुविधा दिनु पर्नेमा थापाले जोड दिए । कार्यक्रममा इलाका प्रशासन कार्यालय रामपुरका प्रमुख उदयराज भट्टराईले बालबालिकाको प्रतिभा देखाउने अवसर प्रशिक्षणले प्रदान गरेको बताए । उनले खेलले अनुशासन र इमान्दारिता विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरे । रामपुर नगरपालिका -५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले खेलाडीहरूले खेलको माध्यमबाट नगरको पहिचान स्थापित गर्न सफल भएको बताए । ६ का वडा अध्यक्ष दिवाकर देवकोटाले प्रशिक्षणले बालबालिकाको सोच र व्यवहारमा नै परिवर्तन ल्याएको उल्लेख गरे । वडा नं. ७ का वडा अध्यक्ष दोवराज तिवारीले नगरपालिकाले खेल क्षेत्रमा आवश्यक लगानी गर्दै आएको बताए । कार्यक्रममा नेपाली कांग्रेस रामपुर नगर सभापति नेत्र प्रसाद भट्टराईले प्रशिक्षणाले सिकाइसँगै बालबालिकाको प्रतिभा उजागर गर्न मद्दत गरेको बताए । नेकपा माओवादी केन्द्रकी उपाध्यक्ष गिता वि.क.ले महिलाहरूको सहभागिता गौरवको विषय भएको बताइन् । राष्ट्रिय जनमोर्चा रामपुर नगर समितिका अध्यक्ष रामप्रसाद गैरेले विद्यालयस्तरमै प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको उल्लेख गरे । दरैंठाँटी माध्यमिक विद्यालयका प्रधानाध्यापक सुन्दर प्रसाद देवकोटाले प्रशिक्षणले खेलकुद सीप मात्र नभई अनुशासन र मेहनत गर्न सिकाएको बताए । नगर खेलकुद विकास समितिका अध्यक्ष कमल सेनले खेलाडी उत्पादनसँगै खेल क्षेत्रको विकासका लागि कार्यक्रमलाई अझ परिस्कृत बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे । सोही अवसरमा विजयी खेलाडी र प्रशिक्षकहरूलाई सम्मान गरिएको थियो । नगर खेलकुद विकास समितिका अध्यक्ष कमल सेनको अध्यक्षता, समिति सदस्य डोलराज श्रेष्ठको स्वागत, सचिव जमुना रानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## एकल महिलाका समस्याप्रति गम्भीर बन

**अझै पनि नेपाली समाजमा एकल महिलाहरुलाई हेर्ने दृष्टिकोण नकारात्मक नै छ । समाजले विदुर र विधुवा भनेर दिएको नामकै पछाडी पनि कयौं उपनामहरु जोडिएका हुन्छन् । जब कुनै महिलाले आफ्नो एकल अवस्थामा समाजमा जिउनका लागि प्रयास गरेकी हुन्छिन् उनका पछाडी धेरै कुराहरु उब्जने अनि उनलाई धेरैले औंला उठाउने काम गरेका हुन्छन् । विभिन्न लाञ्छना लगाउँदै जसरी महिलामाथि अपमान गरिन्छ त्यो सह्य हुँदैन । पितृसत्तात्मक सोचका कारण अझै पनि महिलामाथि विभिन्न प्रकारका हिंसाहरु हुने गरेका छन् । यो अत्यन्त दुखको कुरा हो । कुनै समय श्रीमानसँग बसेर एक्लिएका (विशेष गरी सम्बन्धविच्छेद भएका र विधवा) एकल महिलाहरुको पीडा सम्बोधन नै हुन नसक्नु दुर्भाग्य हो ।**

**एकल महिला र उनीहरुमा आश्रितले भोगिरहेको गरीबी र अन्यायलाई सम्बोधन गर्न राष्ट्रसंघले हरेक वर्ष जुन महिनाको २३ तारिखलाई विश्व एकल महिला दिवस मनाउने गर्दछ । सोही अनुसार आज यस वर्षको दिवस मनाइँदै छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१० को डिसेम्बरमा जुन महिनाको २३ तारिखलाई अन्तर्राष्ट्रिय एकल महिला दिवसका रुपमा घोषणा गरेपछि सन् २०११ देखि यो दिवस मनाउन लागिएको हो । नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । यो दिवस मनाउन थालेको पनि लामो समय हुँदा समेत एकल महिलाहरुको पीडा र समस्या उस्तै हुनु विडम्वना हो । राज्यले एकल महिलाको वास्तविक तथ्याङ्क राख्नु पर्छ । एकल महिलाको रेखदेख गर्ने जिम्मेवारीको व्यवस्थामा पनि राज्यले ध्यान दिनु पर्छ । एकल महिलालाई कानुनी झमेला पर्ने गरेको छ । उनीहरूका लागि कानुनी सहायता पनि उपलब्ध गराउनु पर्छ । राज्यले निःशुल्क कानुनी सहयोगका छुट्टै निकायको स्थापना गर्नुपर्छ । उनीहरूलाई घरव्यवहारका विषयमा अलग राखिन्छ । फलस्वरूप ती महिला मानसिक रूपमा पीडित बन्न पुग्छिन् । यस्तो अवस्थामा राज्यले बलियो कानुन बनाउनु पर्छ । बेला बेलामा यस्ता परिवारको अनुगमन गर्नु आवश्यक छ । घरभित्र र घरबाहिर हुने विभिन्न प्रकारका समाजिक तथा सांस्कृतिक हिंसाबाट उनीहरूलाई सुरक्षित राख्नु पर्छ । आर्थिक रूपमा निर्भर गराउनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्छ । मानव अधिकार संरक्षण गर्न समाजिक, आर्थिक, सांस्कृतिक न्यायका लागि विभेदपूर्ण कानुन हटाई सकारात्मक नीति र नियमको निर्माण गर्नुपर्दछ । यसो गर्न सके मात्र हरेक वर्ष मनाइँने विश्व एकल महिला दिवसले सार्थकता प्राप्त गर्दछ ।**

### Opinion @ Social Network

अरु को था छैन तर मलाई आँखा अगाडि देखिने
हजारौ मानिस भन्दा ती नदेखिने भगवान को नै भरोसा लाग्छैं ।

*(सोम थापाकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Som.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संसदमा स्थिरताको खोजी



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

> *देशमा राजनीतिक स्थिरता होस्, सरकारहरु स्थिर होउन बनेका सरकारले पुरा समय कार्य गरोस् भन्ने आशा र अपेक्षा राखेका नेपाली जनतामा संसदमा दिन दिनै देख्ने अशान्तिले थप निराशा उत्पन्न गराएको देखिन्छ । संसद जस्तो महत्वपूर्ण संस्थामा एक पछि अर्को राजनीतिक दलले अबरोध गर्दा यसले राम्रोसँग काम गरेको देखिदैन् । बहस र छलफलबाट समाधान निकाल्ने थलो अनिर्णयको बन्दी हुनु पक्कै राम्रो होईन । संसदलाई आन्दोलन गर्ने थलो बनाउनु हुँदैन् । यहाँ जनताका आवाजहरु दैनिक घनकिनु पर्दछ । देश विकास र जनताको जीवनस्तर सुधारका छलफलहरु हुनुपर्दछ । राष्ट्रिय एकताका आवाज उठ्नु पर्दछ । कानुन र देश निर्माणको मूख्य थलोमा स-साना पक्षलाई लिएर प्रतिशोध पोख्ने थलो बनाउनु हुँदैन । सद सञ्चालन अवधिमा देश र जनतामा केन्द्रीत हुनुपर्ने संसदका धेरै समय राजनीतिक दलहरु बीच आरोप -प्रत्यारोप, व्यक्तिगत कुण्ठा र स्वार्थ परिपुर्तीका भाषणमा नै समय बेथित भएको देखिन्छ भने बाँकी समय देश, जनता, जनहित र जनचासोका विषयमा हैन् । राजनीतिक प्रतिशोध र स्वार्थका विषयहरुले अवरोध भएको देखिन्छ । यहि कारण अत्यावश्यक ऐन कानुनहरु संसदले लामो समय बेथित हुँदासम्म पनि बनाउन सकेको देखिदैन् । संघीयता र प्रशासनिक संक्रमणकालिन अवस्थाले निरन्तरता पाईरहेकै छ । संसद छलेर स्वेच्छाचारी तरीकाले आफु अनुकुलको ऐन कानुन ल्याउनका लागि संसद बैठकको अन्त्य गर्ने, संविधान विपरीत विघटन गर्ने जस्ता कार्य पनि निरन्तरता नै पाएको देखिन्छ ।*

देश र जनताको आवाज, हक र हितका कुरा गर्ने, ऐन नियम निमार्णको थलो, देश विकास र समृद्धिको खाका तय गर्ने लोकतान्त्रिक पद्धतीको आधार संसद विगतदेखि वर्तमानसम्म यसले विना अवरोध सञ्चालन गर्ने अवसर पाएको देखिदैन् । कहिले असंवैधानिक विघटनको चपेटामा पऱ्यो भने कहिले व्यक्तिगत स्वार्थ र इगो पोख्ने थलो बन्यो भने कहिले सांसद खरीद बिक्री गर्ने व्यापारिक थलो । यी पक्षहरु नेपालको संसदको तीतो यर्थाथ हुन् । जनताका प्रतिनिधी सांसद र तिनी आवद्ध राजनीतिक दलले एक पछि अर्को विभिन्न विषय र बहानामा संसद अवरोध गरेको, संसदमा विरोध गरेको, संसदमा अशान्त बनाएको घटनाहरुले निरन्तरता पाएको देखिन्छ । देशमा राजनीतिक स्थिरता होस्, सरकारहरु स्थिर होउन बनेका सरकारले पुरा समय कार्य गरोस् भन्ने आशा र अपेक्षा राखेका नेपाली जनतामा संसदमा दिन दिनै देख्ने अशान्तिले थप निराशा उत्पन्न गराएको देखिन्छ । संसद जस्तो महत्वपूर्ण संस्थामा एक पछि अर्को राजनीतिक दलले अबरोध गर्दा यसले राम्रोसँग काम गरेको देखिदैन् । बहस र छलफलबाट समाधान निकाल्ने थलो अनिर्णयको बन्दी हुनु पक्कै राम्रो होईन । संसदलाई आन्दोलन गर्ने थलो बनाउनु हुँदैन् । यहाँ जनताका आवाजहरु दैनिक घनकिनु पर्दछ । देश विकास र जनताको जीवनस्तर सुधारका छलफलहरु हुनुपर्दछ । राष्ट्रिय एकताका आवाज उठ्नु पर्दछ । कानुन र देश निर्माणको मूख्य थलोमा स-साना पक्षलाई लिएर प्रतिशोध पोख्ने थलो बनाउनु हुँदैन । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**संसदको ऐतिहासिक पक्ष :** जनतासँग प्रत्यक्ष सरोकार राख्ने जनताबाटै निर्वाचित भएर गएका जनप्रतिनिधिहरु मिलेर सरकार बनाउने ,ऐन नियम बनाउने तथा सुशासन स्थापित गर्ने सर्वोकृष्ट संस्थालाई संसद भन्न सकिन्छ । संसदीय व्यवस्था कहिले र कहाँबाट भयो भन्ने कुरामा आधिकारिक प्रमाण नभेटिएता पनि करीव ११ औं शताब्दी तिर उबचषिभलत शब्दको प्रयोग अजबलकयमभ च्यबिलम भन्ने लेखमा प्रयोग भएको मानिन्छ । फ्रेन्च भाषाको पाली शब्दबाट उबचष्कििभलत भऐको मानिन्छ । जसको अर्थ हुन्छ कुरा गर्ने पसल (Talking shope ) । सर्वप्रथम प्रजातन्त्रको सुरुवात प्राचीन ग्रीसबाट भएको कारण त्यहीबाट नै संसदीय व्यवस्था सुरुवात भएको हो की ? अनुमान लगाउन सकिन्छ तर आधिकारीक रुपमा भने प्रजातन्त्र र संसदीय व्यवस्थाको सुरुवात र असल अभ्यास गरेको बेलायतबाट भएको सजिलै अनुमान लगाउन सकिन्छ । संसदीय व्यवस्था र संसदीय सर्वोच्चताको पूर्णरुपमा अबलम्बन गर्ने देशको रुपमा श्रेय पनि बेलायतलाई नै जाने गर्दछ । यसको नेपालमा अभ्यासको चर्चा गर्दा , नेपालमा वि.स. २००७ सालमा पहिलो पटक बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुरुवात भएसंगै संसदीय साशन व्यवस्थाको अभ्यास भएता पनि वि.स २०१७ सालमा राजा महेन्द्रले पञ्चायती साशन व्यवस्थाको सुरुवात गरेसँगै यो व्यवस्था केहि समय निरन्तरता पाउन सकेन । करीब २ दशकको राजनीतिक उथलपुथलसँगै वि.स.२०४६ सालको जनआन्दोलन र त्यसपछि विकास भएको राजनीतिक घटना क्रमसँगै यस व्यवस्थाले निरन्तरता पाएको देखिन्छ । विभिन्न समयमा विकास भएका घटनाक्रमले साशन व्यवस्था परिवर्तन भएता पनि संसदीय व्यवस्थाले भने निरन्तरता पाएको देखिन्छ । एक पछि अर्को राजनीतिक दलले विभिन्न वहानामा संसद अवरोध गरिरहँदा, आन्दोलन गर्ने थलो बनाउँदा, राजनीति र व्यक्तिगत प्रतिशोध पोख्ने थलो बनाउँदा यसको गरिमा र आस्था माथि ह्रास आउने सम्भावना देखिन्छ ।

**संसद अवरोधको विगत :** मुख्य राजनीतिक दलदेखि साना तथा पछिल्लो समय उदायका राजनीतिक दल पनि संसद अवरोधबाट अछुतो देखिदैन् । पछिल्लो समय विगत केहि समय अगाडिदेखि राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले भिजिट भिषा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा मागी संसद अवरोध गर्ने प्रवृत्तिलाई अगाडि बढाएको देखिन्छ । देशको संघीय संसदका अलावा ७ प्रदेशहरुमा पनि कुनै न कुनै राजनीतिक दलले संसद सञ्चालनमा अवरोध गरेको देखिन्छ तर यस पक्षको हिसाब किताब नै छैन् भने अवरोधको क्षतिपूर्ति कसरी कमी गर्ने कुनै राजनीतिक दलको ध्यान गएको देखिदैन । नेकपा एमालेले करीब २३ बर्षको अन्तरालमा २५२ पटक संसद अवरुद्ध गरेको इतिहास भेटिन्छ भने एक पटकमा लगातार १ सय ८७ दिन सम्म अथवा करिब ९ महिना संसद अनिर्णयको अवस्थामा पुऱ्याएको देखिन्छ । यस्तै नेपाली काँग्रेसले पनि संसद अवरुद्ध गरेको देखिन्छ भने पछिल्लो समय रवि लामिछाने र सहकारी प्रकरणलाई लिएर अवरोध गरेको देखिन्छ । माओवादीले पनि पटक पटक संसद अवरोध गरेको र संसदका फर्निचर तोडफोड नै गरेको इतिहास रहेको छ । जनताको सर्वोच्च साशन गणतन्त्रमा पनि यसले निरन्तरता पाउनुले संसदीय व्यवस्थालाई मात्रै नभएर संघयी गणतान्त्रिक साशन व्यवस्था माथि नै बहस सिर्जना गरेको देखिन्छ ।

**संसद अस्थिरताको मुख्य कारण :**

-व्यक्तिगत स्वार्थ परिपूर्तिको उद्देश्य ।
-राजनीतिक प्रतिशोध पोख्ने थलो ।
-सत्ता केन्द्रीत स्वार्थ राजनीति ।
-बढ्दै गएको बेथिति,भ्रष्टाचार,विभिन्न काण्डहरु ।
-हराउँदै गएको विधि र कानुनी साशन ।
-दलहरु बीचको अविश्वास ।
-दलहरुबिचको गुटगत स्वार्थ ।
-गठबन्धन सरकार ।
-संसदको खरिद बिक्री ।
-असंवैधानिक अभ्यास ।
-जिम्मेवारिता र नैतिकताको अभाव ।
-संसद अवरोधको क्षति पूर्ति गराउने व्यवस्था नहुनु ।
-तलव भत्ता तथा अन्य सुविधा कटौतीको व्यवस्था नहुनु ।

संसद सञ्चालन अवधिमा देश र जनतामा केन्द्रीत हुनुपर्ने संसदका धेरै समय राजनीतिक दलहरु बीच आरोप -प्रत्यारोप, व्यक्तिगत कुण्ठा र स्वार्थ परिपुर्तीका भाषणमा नै समय बेथित भएको देखिन्छ भने बाँकी समय देश, जनता, जनहित र जनचासोका विषयमा हैन् । राजनीतिक प्रतिशोध र स्वार्थका विषयहरुले अवरोध भएको देखिन्छ । यहि कारण अत्यावश्यक ऐन कानुनहरु संसदले लामो समय बेथित हुँदासम्म पनि बनाउन सकेको देखिदैन् । संघीयता र प्रशासनिक संक्रमणकालिन अवस्थाले निरन्तरता पाईरहेकै छ । संसद छलेर स्वेच्छाचारी तरीकाले आफु अनुकुलको ऐन कानुन ल्याउनका लागि संसद बैठकको अन्त्य गर्ने, संविधान विपरीत विघटन गर्ने जस्ता कार्य पनि निरन्तरता नै पाएको देखिन्छ । संसदीय साशन व्यबस्थाका लागि गरिने निर्वाचन र यसको खर्च व्यर्थ जस्तै देखिन्छ ।

**निष्कर्ष :** खसीको टाउँको देखाएर कुकुरको मासु बेच्ने थलो भनि संसदलाई आरोप लगाएता पनि संसदले आईमाईलाई लोग्ने मानिस र लोग्ने मान्छेलाई आईमाई बनाउनु बाहेक सबै बनाउन सक्छ भनि सर्वोच्च महत्व दिइएको पनि पाईन्छ । हरेक पक्षमा अन्तर्राष्ट्रिय अभ्यासको नक्कल गर्ने हाम्रा राजनीतिक नेतृत्वले अन्य देशमा संसद कसरी स्थिर छ, कसरी निरन्तर कार्य गरेको छ यस पक्षमा गहन अध्ययन् गर्नु पर्ने देखिन्छ । संसदलाई स-साना विषयलाई लिएर अवरोध गर्ने थलो बनाउनु हुँदैन् भने वार्ता छलफलबाट हरेक विषयको संसद बाहिर निष्कर्ष निकाल्नु पर्दछ । ससदका छलफल र बहस देश र जनताका जल्दा बल्दा विषयमा केन्द्रीत हुनुपर्दछ । संसद संसद जस्तो हुनुपर्दछ, सांसद सांसद जस्तो सम्मानित बन्नु पर्दछ यहि कामना गरौं । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स नं.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। नयाँ कार्य प्ररम्भ गर्नको लागि उपयुक्त समय रहेको छ। | **तुला** : प्रेम सम्बन्ध प्रगाढ हुनेछ। व्यवसायमा नयाँ सम्पर्क र सल्लाह लाभदायी रहनेछ। |
| **वृष** : सबै कुरा आफनो अनुरूप नहोला। मनमा हल्का दुविधा आउन सक्ला। | **वृश्चिक** : कार्यक्षेत्रमा ध्यान केन्दित गर्न गाह्रो रहनेछ। आर्थिक पक्ष सामान्य रहनेछ। |
| **मिथुन** : कार्यप्रति जिम्मेवारीको बोध बढ्नेछ। शेयर बाजारबाट लाभ मिल्ला। | **धनु** : व्यवसायमा मनग्य लाभ रहनेछ। भाग्यको साथ मिल्नेछ। |
| **कर्कट** : समय बिताउने मौका मिल्नेछ। लगनशीलताले सकारात्मक परिणाम मिल्नेछ। | **मकर** : व्यक्तिसँग सम्पर्क हुने योग छ। व्यवसायिक पक्षमा सुधार आउनेछ। |
| **सिंह** : रोकिएका काममा गति मिल्नेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। | **कुम्भ** : सानो प्रयासले पनि सफलता हात लाग्नेछ। व्यापारिक क्षेत्र सफल रहनेछ। |
| **कन्या** : सम्भावना वा चुनौती दुबै लिएर आउनेछ। आलोचकहरूबाट संयमित रहनुपर्छ। | **मीन** : समृद्धिमा कमी आउनेछ। क्रमबद्ध तरिकाले सबै कुराहरू मिल्दै जानेछ। |

शिक्षा

# विद्यालय संस्कृति के हो, किन चाहिन्छ ?

**रविप्रसाद बराल**

विद्यालय शिक्षा हरेक राष्ट्रका लागि शैक्षिक संरचनाको मुटु हो । समयसँगै शिक्षाको महत्त्व बढ्दै जान्छ । युग अनुसार शिक्षा नभए समाज अन्धकार हुन्छ । किताब नभए मानिस चेतनाविहीन हुन्छ । 'कुनै देश ध्वस्त पार्नु छ भने बम वा मिसाइल आवश्यकता पर्दैन, त्यहाँको शिक्षा प्रणाली कमजोर पार्नु पर्याप्त हुन्छ' भन्ने कथन चल्तीमा छ । यसले शिक्षाको महत्त्व र प्रभाव स्पष्ट पार्छ । विद्यालयमा अभ्यास हुने परम्परा, दृष्टिकोण, व्यवहार, मूल्यमान्यता र अनुशासनको समष्टिगत प्रभाव नै विद्यालय संस्कृति हो। यही संस्कृति विद्यालयको आत्मा हो जसले शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापनलाई एक सूत्रमा बाँधेको हुन्छ । सुदृढ विद्यालय संस्कृतिले शिक्षाको गुणस्तर अभिवृद्धि गर्छ । व्यक्तित्व विकास र नैतिक मूल्य निर्माणको बाटो देखाउँछ । विद्यालय संस्कृति राष्ट्र निर्माणको आधारशिला हो । विद्यालयमा पारदर्शिता, सम्मान, जिम्मेवारी र सहकार्यको भावना सशक्त हुन्छ । त्यहाँ सकारात्मक संस्कृति विकसित हुन्छ । शिक्षाविदहरू डेल एन्ड पिटर्सनले विद्यालय संस्कृति विद्यालयको आत्मा हो भनेका छन् । यसमा उनीहरूले विद्यालय व्यवस्थापन र नेतृत्वको चर्चा गरेका छन् । यी दुई विद्वानका विचारमा विद्यालय संस्कृति भनेको विद्यालयभित्रको साझा विश्वास, मूल्य, परम्परा, अनुष्ठान, प्रतीक र अर्थहरू हुन् जसले विद्यालयका सदस्यहरूको व्यवहार आकारमा ढाल्छ । विद्यालय संस्कृति कक्षाकोठामा हुने पढाइको प्रक्रियामा मात्र सीमित हुँदैन, न त विद्यालयको भौतिक पूर्वाधारमा मात्र निर्भर हुन्छ । यसमा त शिक्षक-विद्यार्थी सम्बन्ध, नेतृत्वशैली, विद्यालयको दृष्टिकोण, अभिभावकको सहभागिता तथा समुदायसँगको सम्बन्धजस्ता विविध पक्षको भूमिका महत्त्वपूर्ण हन्छ । जब विद्यालय व्यवस्थापनले आफना सदस्यहरूलाई सकारात्मक वातावरण दिन्छ तब समृद्ध संस्कृति निर्माण हुन्छ । यसले व्यक्ति, समाज र राष्ट्रमा दीर्घकालीन प्रभाव पार्छ ।


**विद्यालय संस्कृति निर्माणः सिद्धान्त र व्यवहारः** सफल तथा सकारात्मक विद्यालय संस्कृति निर्माण गर्न प्राचार्यले नेतृत्व, दृष्टिकोण, नीति र व्यवहारबाट उदाहरणीय भूमिका निर्वाह गर्नुपर्छ । केन्ट पिटर्सन, टेरेन्स डेल लगायत केही शिक्षाविदहरूका अनुसार विद्यालय संस्कृतिको प्रमुख निर्माता प्राचार्य नै हो । प्राचार्यको सोच, व्यवहार र निर्णयले विद्यालय संस्कृतिमा प्रत्यक्ष प्रभाव पार्छ । प्रेरणादायी र सहभागितामूलक नेतृत्वले शिक्षक र विद्यार्थीलाई उत्साही बनाउँछ । विद्यालय संस्कृतिले शिक्षक र विद्यार्थीलाई भविष्यको मार्गदर्शन गराउँछ । प्राचार्य नेतृत्वकर्ता मात्र नभई प्रेरणाको स्रोत, सम्बन्धको सेतु र परिवर्तनको चालक हो । विद्यालय संस्कृति निर्माणमा शिक्षकको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । शिक्षकहरू विद्यालय संस्कृतिको सक्रिय अभ्यासकर्ता हुन् । उनीहरूको व्यवहार, शिक्षणशैली, मूल्य, दृष्टिकोण र विद्यार्थीसँगको सम्बन्धले विद्यालयको दैनिक वातावरणलाई आकार दिन्छ । शिक्षकको अनुशासन, व्यवहार, दृष्टिकोण, सहानुभूति र सहयोगले विद्यालय संस्कृति समृद्ध बनाउँछ। शिक्षकहरू विद्यालय र समाजको सम्बन्धका सेतु हुन्, सिकाइका उत्प्रेरक र समावेशी वातावरण निर्माता हुन् । विद्यार्थीहरूले आदरभाव, अनुशासन, इमानदारी, जिम्मेवारी र कर्तव्यजस्ता मूल्यमान्यता विद्यालयमै सिक्छन् । उनीहरूको सिकाइबाट विद्यालय संस्कृति समाजमा विस्तार हुन्छ । शिक्षकहरू संस्कृतिका प्रतिविम्ब हुन्, विद्यार्थी त्यसका बाहक हुन् । शिक्षकहरू आधारशिला निर्माण गर्छन्, विद्यार्थीहरूले विस्तार गर्छन् । सफा, सुरक्षित, प्रेरणादायी भौतिक तथा भावनात्मक वातावरणले विद्यालय संस्कृति सकारात्मक बनाउँछ । विद्यालयभित्र प्रेरणादायी सन्देश, पुस्तक कुना तथा बालअनुकूल कोठा यस्तो वातावरणका माध्यम हुन । सुरक्षा, सम्मान, स्वतन्त्रता र अनुशासनको सन्तुलन सशक्त विद्यालय संस्कृतिको विशेषता हो । संवाद, सहयोग र नवीनता प्रवाह भइरहने वातावरणले विद्यालयलाई शिक्षाको केन्द मात्र होइन, संस्कार र सभ्यताको केन्द समेत बनाउँछ । विद्यालय संस्कृति निर्माणमा अभिभावक र समुदायको भूमिका अति महत्त्वपूर्ण हुन्छ । विद्यालयमा समुदायको सहभागिता छ भने विद्यार्थीहरू अनुशासित, उत्तरदायी र प्रगतिशील हुन्छन् । विद्यालयमा सिकाइ प्रक्रिया बलियो बनाउन अभिभावकले सहयोग गर्नुपर्छ । विद्यालय र अभिभावकबीच विश्वास र सहयोगको सम्बन्ध छ भने विद्यालय संस्कृति सकारात्मक र स्थायी बन्छ । नियमित संवाद, बैठक र अभिभावक दिवस जस्ता कार्यक्रमले साझा उत्तरदायित्वको भावना विकास गर्छ । शिक्षक, विद्यार्थी अभिभावक र समुदाय विद्यालयका चार मुख्य स्तम्भ छन् । यी स्तम्भ बलिया हुँदा विद्यालय संस्कृति समृद्ध हुन्छ ।

**विद्यार्थीमा विद्यालय संस्कृति प्रभावः** असल संस्कृति भएका विद्यालयको प्रभाव विद्यार्थीमा बहुआयामिक तथा दीर्घकालीन हुन्छ । यस्तो विद्यालय केवल परीक्षामा उत्तीर्ण गराउने संस्था मात्र होइनह विद्यार्थीमा जीवनका मूल्यमान्यता, व्यवहार र नेतृत्व क्षमता विकासको आधारशीला समेत हो। यस्ता विद्यार्थीहरूले समाजमा सकारात्मक रूपान्तरण गर्छन् । शिक्षा भनेको व्यक्तिको चरित्र निर्माणको आधार हो । असल विद्यालय संस्कृतिले विद्यार्थीहरूमा इमानदारी, सहनशीलता, करुणा र आत्मनियन्त्रणको गुण विकास गर्छ । यस्ता विद्यार्थीहरू आत्मअनुशासन, सम्मान, सहकार्य, उत्तरदायित्व तथा समयपालना जस्ता मूल्यमान्यता आत्मसात गर्छन् । उनीहरू शिष्ट, जिम्मेवार तथा सहयोगी बन्छन् । उद्देश्य, लक्ष्य र प्रस्तुतिमा दृढता देखिन्छ । उनीहरू समस्या समाधानमा संवाद र सहकार्यको बाटो रोज्छन् । समृद्ध विद्यालय संस्कृतिले विद्यार्थीहरूलाई ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक जिम्मेवारीप्रति सचेत बनाउँछ । सामुदायिक सेवा र वातावरण संरक्षणतर्फ प्रेरित गर्छ। यस्तो विद्यालय उत्तरदायी नागरिक उत्पादन गर्ने केन्द बन्छ । यस्ता विद्यालयका विद्यार्थी भविष्यमा न्यायप्रेमी, सहिष्णु र विवेकी नागरिक बन्छन् । राजनीति, प्रशासन, व्यापार वा सामाजिक क्षेत्र जहाँसुकै भए पनि आफनो मूल्यमा अडिग रहन्छन् । यस्ता विद्यार्थीहरू सक्षम नेतृत्वकर्ता, जिम्मेवार नागरिक र समाज रूपान्तरणका संवाहक बन्छन् । संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने अमूर्त सम्पत्ति हो, जसलाई यस्ता विद्यालयहरूले निरन्तरता दिन्छन् । असल विद्यालय संस्कृति भविष्यका सशक्त नागरिक उत्पादन गर्ने उर्वर भूमि हो ।

**विद्यालय संस्कृति सुधारका उपाय :** विद्यालय संस्कृति सुधार गर्नु भनेको अनुशासनमा जोड दिनु, कार्यक्रम थप्नु वा भौतिक सुविधा थप्न माक केन्दित हुनु मात्र होइनह विद्यालयमा जरा गाडेर बसेका सोच, व्यवहार, मूल्य परम्परा र सम्बन्धहरूको पुनरवलोकन तथा सशक्त रूपान्तरण हो । केन्ट पिटर्सन र टेरेन्स डेल जस्ता शैक्षिक संस्कृति विज्ञहरूले विद्यालय संस्कृति सुधारका लागि समावेशिता र निरन्तर प्रक्रिया आवश्यक हुन्छ भनेका छन् । संस्कृति सुधारको पहिलो चरण विद्यालयको वस्तुगत मूल्यांकन हो । शिक्षक, विद्यार्थी अभिभावक र प्रशासनका अनुभव तथा दृष्टिकोण एकआपसमा सुनाउनु-सुन्नु आवश्यक हुन्छ । प्रश्नावली, अन्तर्वार्ता, संवाद समूह आदिका माध्यमबाट तथ्य संकलन गर्नुपर्छ र गहिरो अध्ययनबाट सुधारको आधार तयार गर्नुपर्छ । साझा दृष्टिकोण र साझा मूल्य सकारात्मक संस्कृतिका आधार हुन् । विद्यालय संस्कृति निर्माणमा स्पष्ट लक्ष्य हुनुपर्छ। यसबाट 'ड्रिम स्कुल' घोषणापत्र तयार पार्न सकिन्छ । हामी कस्ता विद्यार्थी उत्पादन गर्न चाहन्छौं भन्ने प्रश्नको स्पष्ट जबाफले भविष्यको मार्गदर्शन गराउँछ । गहन अध्ययन र अनुसन्धानबाट मात्र यस्ता प्रश्नको उचित जबाफ प्राप्त हुन्छ । प्राचार्य र नेतृत्वकर्ता विद्यालय संस्कृति निर्माणमा आदर्श बन्न सक्नुपर्छ । नेतृत्व विकास तालिम र समावेशी निर्णय प्रक्रियाले विद्यालय संस्कृति समृद्ध बन्छ । शिक्षक, विद्यार्थी र अभिभावकबीच खुला संवाद तथा समीक्षाको अभ्यास गर्नुपर्छ । विद्यालयको संघर्ष, उपलब्धि र मूल्यहरू कथाका माध्यमबाट जीवित राख्नुपर्छ । प्रेरणादायी अनुभव आदानप्रदानले विद्यालय संस्कृति समृद्ध बनाउँछ । सम्मान र पुरस्कारले विद्यालय संस्कृति सुदृढीकरणमा सहयोग पुग्छ । समृद्ध संस्कृति भएको विद्यालयका हरेक सामूहिक गतिविधिमा विद्यार्थीको र नेतृत्वको सक्रिय सहभागिता हुन्छ । पठन दिवस, सामाजिक सेवा सप्ताह, शिक्षक सम्मान समारोह, विद्यालय प्रेरणादायी उदघोष जस्ता कार्यक्रममार्फत विद्यालय संस्कृति सुधार गर्न सकिन्छ । शिक्षक सिकाइ समूह, विद्यार्थी नवप्रवर्तन क्लब, सिकाइ अनुभवको आदान-प्रदान कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसले समुदायमा सिकाइ संस्कृति विकास गर्न मद्दत गर्छ । संस्कृति सुधार एक पटकको कार्यक्रम वा प्रयास होइन, निरन्तरको यात्रा हो । आत्ममूल्यांकन तथा आवश्यक अनुकूलनको अभ्यासले विद्यालय संस्कृति सुधारको प्रक्रिया बलियो बनाउँछ । विद्यालय संस्कृति शिक्षाको आधारभूत तत्त्व हो जसको निर्माण भौतिक संरचनाभन्दा बढी विश्वास, व्यवहार, मूल्य र सम्बन्धद्वारा हुन्छ । सकारात्मक विद्यालय संस्कृतिले विद्यार्थीमा असल चरित्र निर्माण, नैतिक विकास र नेतृत्व क्षमताको जग बसाल्छ । विद्यालय संस्कृति नीतिमा लेखिन्छ तर व्यवहारमा बाँचिन्छ। असल संस्कृति निर्माण निरन्तर अभ्यास, आत्मसमीक्षा र सुधारको यात्रा हो । विश्वास, उत्तरदायित्व तथा पारदर्शिताको सुदृढ भावना भए मात्र विद्यालय असल संस्कृतिको उदाहरण बन्न सक्छ । असल विद्यालय संस्कृतिले विवेकशील, जिम्मेवार र नैतिक नेतृत्वकर्ता पुस्ता निर्माण गर्छ । विद्यालय संस्कृति एउटा अदृश्य शक्ति हो जसले विद्यालयको समग्र शिक्षण सिकाइ प्रक्रिया सुदृढ बनाउँछ । यस्तो सुदृढीकरण वा रूपान्तरणबिना गुणस्तरीय शिक्षा सम्भव हुँदैन । नेपालजस्ता बहुजातीय, बहुसांस्कृतिक समाजमा विद्यालयमा सदृढ संस्कृतिको महत्त्व धेरै हुन्छ ।

*-सेतोपाटी डटकम*

# विद्यार्थीको मानसिक सन्तुलनका लागि 'ग्याजेट नीति' लागू




डिजिटल युगमा बालबालिका र किशोरकिशोरीहरूमा बढ्दो स्मार्ट डिभाइसको प्रयोगले मानसिक स्वास्थ्य, ध्यान क्षमतामा आएको ह्रास र सामाजिक दूरीजस्ता चुनौतीहरू गहिरिँदै गएको सन्दर्भमा प्रिमियर इन्टरनेसनल आईबी कन्टिन्युम स्कूलले यस्तो समस्यालाई जरा मै समाधान गर्ने उद्देश्यले 'एट होम 'ग्याजेट युज नीति'सार्वजनिक गरेको छ । विद्यालयले विद्यार्थीको समग्र हित, भावनात्मक सन्तुलन र सिकाइको गुणस्तरलाई सुदृढ बनाउने उद्देश्यसहित यो नीति लागू गरेको हो । स्मार्टफोन, ट्याब्लेट वा कम्प्युटरको अनियन्त्रित प्रयोगले बालबालिकामा ध्यान केन्दित गर्न गाह्रो हुने, चिन्ता र सामाजिक व्यवहारमा असर पर्ने समस्या तीव्र बनेको देखिएको अवस्थामा, विद्यालयले अब सिकाइ केवल कक्षाको सीमामा नभई घरमा समेत व्यवस्थित रूपले विस्तार गर्नुपर्नेमा जोड दिएको छ । प्रिमियरले यो नीति केवल एकपक्षीय निर्णयका रूपमा हैन, अभिभावक प्रतिनिधिहरूको सक्रिय सहकार्यमा, पूर्व प्राथमिकदेखि उच्च माध्यमिक तहसम्मका विद्यार्थीको उमेर र विकास अवस्थालाई मध्यनजर गर्दै तय गरेको जनाइएको छ । यस नीतिअनुसार विद्यार्थीले घरमा डिजिटल उपकरणको प्रयोग सीमित समयसम्म गर्न पाउने छन् भने अभिभावकले विशेष निगरानी गर्नुपर्नेछ । साथै, गुणस्तरीय डिजिटल सामग्री छनोट, आत्मीय पारिवारिक समयको पुनःस्थापना र डिजिटल साक्षरता विकासमा समेत जोड दिइएको छ । विश्वका धेरै मुलुकले बालबालिकामा डिजिटल ओभरएक्सपोजर रोक्न कडाइ गरिरहेका छन् । फ्रान्सले विद्यालयमा स्मार्टफोन प्रतिबन्ध लगाएको छ भने अमेरिकामा किशोरका लागि सामाजिक सञ्जाल प्रयोगमा कानुनी सीमांकन गरिएको छ । यस्तै सन्दर्भमा नेपालमा प्रिमियरले अघि सारेको नीति विशेष उल्लेखनीय मानिएको छ । विद्यालयले तयार पारेको यो कार्यविधिले केवल स्क्रिनको लत रोक्ने मात्र होइन, मानसिक स्वास्थ्य र डिजिटल सुरक्षाजस्ता अन्तर्राष्ट्रिय चुनौतीको स्थानीय समाधान पनि प्रस्तुत गरेको छ । यसले स्क्रिन एडिक्सन, चिन्ता, ध्यान कमजोर हुनु, सामाजिक अप्ठ्यारोपन र साइबर सुरक्षाजस्ता विषयहरूलाई विद्यालय तहमै व्यवस्थापन गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ । शैक्षिक निर्देशक प्रभिना थापाले यो नीति कुनै उपकरण प्रतिवन्ध होइन, बरु विद्यार्थीको समग्र विकासमा डिजिटल उपकरणको भूमिका सन्तुलनमा ल्याउने अभियान भएको स्पष्ट पारिन् । उनका अनुसार यो अभियान शिक्षामा अनुशासन, आत्मनियन्त्रण र डिजिटल संस्कार विकास गर्नेतर्फ केन्दित छ । २१औं शताब्दीको शिक्षा केवल प्रविधि उपयोगमा सीमित नभई भावनात्मक तथा सामाजिक रूपले पनि सन्तुलित हुनुपर्छ भन्ने मान्यतामा उभिएको यो नीति, निजी विद्यालयबाट सुरु भएको एक उदाहरणीय प्रयास बनेको प्रिमियरको भनाइ छ ।

*-रातोपाटी डटकम*


## माथागढी गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

रामप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

बिष्णुमाया लुङ्गचे
उपाध्यक्ष

यमबहादुर चिदी
अध्यक्ष

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# नगरस्तरीय छात्रा भलिबलमा सेन मावि प्रथम

मन गहिरे ——



**पाल्पा,** असार ८/तानसेनमा सञ्चालित नगरस्तरीय छात्रा भलिबल प्रतियोगितामा सेन मावि प्रथम भएको छ । मोहन कन्या माकि हिरक महोत्सवको अवसरमा सञ्चालन गरेको प्रतियोगितामा सेन माविका क्रिस्टिना राना, रिना राना ,सोफिया खत्री, बिन्दु पुन, पुष्टि सुनार ,मधु श्रीस, नीतिशा खत्रीको समूह प्रथम भएको हो ।

प्रतियोगितामा देववाणी मावि दोस्रो भएको छ । देववाणीका अनुभूति दर्लामी, अपेक्षा थापा, पूर्णिमा श्रेष्ठ, क्रिस्टिना दर्लामी, सृष्टि बुढाथोकी, प्रियंका सारु, मेलिना सारु, सुमिना गाहको समूह द्वितीय भएको हो । यस्तै जनता मावि तृतिय हुन सफल भएको छ । जनता माविका क्रिस्टिना खत्री, दीक्षान्त सोमै, अनुष्का गाह थुमकुमारी कुमाई, सेलिजा बुढाथोकी, गङ्गा थापा, आशिका थापा,थुम कुमारी कुमाई,सेलिजा बुढाथोकी, गङ्गा थापा, आशिका थापा, सुस्मिता जिसीको समुह तृतिय भएको हो । प्रतियोतितामा प्रथम हुनेले नगद ८ हजार, ट्रफी ,प्रमाणपत्र र मेडल, ह द्वितीय हुनेले ५ हजार, ट्रफि, मेडल, प्रमाणपत्र र तृतिय हुनेले ३ हजार, ट्रफि, मेडल, प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा सेन मावि की रिना रानाले उत्कृष्ट खेलाडीको उपाधी पाउन सफल भएकी छन् । उनलाई नगद एक हजार, मेडल, ट्रफि र प्रमाणपत्रले सम्मानित गरिएको छ । खेल तीन दिनसम्म चलेको थियो । जहाँ नगरपालिका भित्रका १३ वटा विद्यालयका छात्राहरु सहभागी भएका थिए । प्रतियोगिताको तानसेन नगरपालिकाकी उपप्रमुख प्रतीक्षा गाहा सिञ्जालीले एक औपचारिक कार्यक्रमकाबिच समापन गरेकी हुन् । खेलको समापन गर्दै उनले छात्राहरुको बीचमा गरिएको खेलकुद प्रतियोगिताले विद्यार्थीहरूको शारीरिक मानसिक बौद्धिक साथै सर्वाङ्गीण विकास हुने विश्वास व्यक्त गरिन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठले छात्रहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु गर्दै आएको बताउँदै मोहन कन्या मावि महिलाहरूको नेतृत्व गर्दै राष्ट्रिय स्तरमै पहिचान बढाउँदै जाने बताए । प्रअ दिपक ज्ञवालीले २००७ सालमा स्थापित मोहन कन्या माविको हिरक महोत्सव पारेर विविध कार्यक्रमहरू गर्दै आएको बताए । खेलकुद समितिका संयोजक मिलन थापाको संयोजकत्व खेल भएको थियो भने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठको अध्यक्षता, प्रअ दिपक ज्ञावलीको स्वागत, सहायक प्रअ रिना श्रेष्ठको सञ्चालनमा समापन कार्यक्रम भएको थियो ।

# भैरहवामा एसियन बुद्ध टी-१० क्रिकेट




**भैरहवा,** असार ८/रुपन्देहीको भैरहवामा शनिबारदेखि 'एसियन बुद्ध टी-१० क्रिकेट-२०८२' सुरु भएको छ । प्रोफेसनल मास्टर्स-११ क्रिकेट क्लब, भैरहवाको आयोजना तथा एसियन बुद्ध होटल, भैरहवाको मुख्य प्रायोजनमा जिल्लास्तरीय क्रिकेट प्रतियोगिता सुरु भएको हो ।

जिल्लाको खेल क्षेत्रलाई चलायमान बनाउनुको साथै क्रिकेट खेललाई थप उचाईमा पुर्‍याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको रुपन्देही क्रिकेट संघका अध्यक्ष तथा क्लबका अध्यक्ष हरिबहादुर थापाले बताए । 'क्लबले विगतदेखि क्रिकेट प्रतियोगिता गराएर खेलाडी उत्पादनमा टेवा पुर्‍याइरहेको छ', उनले भने, 'यो प्रतियोगिताले रुपन्देहीको क्रिकेट विकास र खेलाडी उत्पादनमा एउटा ईंटा थप्ने काम गर्ने हाम्रो विश्वास छ । प्रतियोगितामा रुपन्देहीका क्लब र एकेडेमीहरु गरी १४ वटा टीम सहभागी रहेका छन् । प्रतियोगिता सोमबारसम्म हुने छ । जसमा विजयी टिमले ८० हजार नगद र उपविजेताले नगद ४० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, सेमिफाइनल पुग्ने दुईवटा टिमलाई नगद १०-१० हजार प्राप्त गर्ने छन् । प्रतियोगितामा म्यान अफ द सिरिजलाई नगद १२ हजार, बेस्ट ब्याटर र बलरलाई नगद ८-८ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचलाई १ हजार दुई सय रुपैयाँ प्रदान गरिने छ । यस्तै, उत्कृष्ट क्याच र सर्वाधिक छक्का प्रहार गर्ने खेलाडीलाई समेत समान २ हजार ५ सय तथा दर्शकदिर्घाबाट छक्का क्याच गर्ने दर्शकलाई पाँच सय रुपैयाँ पुरस्कार प्रदान गरिने छ । प्रतियोगिताको मुख्य प्रायोजक रहेको भैरहवाको एशियन बुद्ध होटलका महाप्रबन्धक ओमप्रकाश पाण्डेले होटलको चौथो वार्षिकोत्सवका अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत प्रायोजन गरिएको जनाए । 'होटलले सधैं विभिन्न कार्य गरी सामाजिक उत्तरदायित्व बहन गरिरहेको छ', उनले भने, 'मुलुकलाई विश्वमा चिनाइरहेको क्रिकेटलाई प्रवर्द्धन गर्न पाउँदा थप खुशी भएका छौं ।' बाहिरी खेलाडी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जुनसुकै क्षेत्रका भए पनि मान्यता दिइने खेल संयोजक विष्णु कटारियाले जानकारी दिए । प्रतियोगिताको सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले उद्घाटन गरेका थिए ।

# आज विश्व एकल...

...सन् २०११ को तथ्यांकअनुसार नेपालमा कुल महिलाको जनसंख्यामध्ये ६ प्रतिशत एकल महिला रहेका छन् । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१० को डिसेम्बरमा जुन महिनाको २३ तारिखलाई अन्तर्राष्ट्रिय एकल महिला दिवसका रुपमा घोषणा गरेपछि सन् २०११ देखि दिवस मनाउन लागिएको हो ।

लाखौं एकल महिला र उनीहरुमा आश्रितले भोगिरहेको गरीबी र अन्यायलाई सम्बोधन गर्न राष्ट्रसंघले दिवस मनाउने निर्णय गरेको थियो । राष्ट्रसंघले श्रीमान गुमाएका, श्रीमान हराएका, सम्बन्ध विच्छेद गरेका र बिहे नगरी बसेका महिलालाई एकल महिला भनि उल्लेख गरेको छ । यद्यपि एकल महिलाका पक्षमा केही कामै नभएको चाहिँ होइन । संयुक्त राष्ट्र संघले एकल महिलालाई समाजमाविभेदरहित, हिंसारहित र सम्मानित जीवन जिउनका लागि सशक्त गराउनुपर्नेमाजोड दिँदै आएको छ । सरकारी सेवामा रहेका पतिको मृत्यु भएमा निजको निवृत्तिभरण, बिमा तथा अन्य क्षतिपूर्ति र पतिका नाममा रहेको सम्पत्ति पाउने, पतिबाट सम्बन्धविच्छेद हुनुपर्ने अवस्था आएमा पनि महिलाले अंश लिई अलग हुन पाउने र स्वेच्छामा विवाह गर्न पाउने अधिकार कानुनले दिएको छ । तथापि, कानुनको प्रभावकारी कार्यान्वयनमा सरकार सचेत भइरहनुपर्छ । एकल महिलाप्रति समाजमा विद्यमान कुरीतिको अन्त्य, विभेदपूर्ण व्यवहार, संस्कार जरैदेखि उन्मूलन हुनुपर्छ । धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले कोही एकल महिला पीडित बनिरहेकै छन् भने त्यस्तो अवस्थाको अन्त्यका लागि सरकार कठोर बन्नुपर्छ । यति हुन सके साँचो अर्थमा एकल महिलाको सम्मान हुन सक्छ ।

## खेलकुद समाचार

# सिङ्गापुरलाई हराउँदै नेपालको विजयी शुरुआत



**काठमाडौं,** असार ८/एसीसी १६ वर्षमुनिको इस्ट जोन कप प्रतियोगितामा नेपालले विजयी शुरुआत गरेको छ । मलेशियामा भएको खेलमा नेपालले सिङ्गापुरलाई ६ विकेटले हरायो । सिङ्गापुरले दिएको १ सय ३९ रनको लक्ष्य नेपालले ३३ ओभर ३ बलमा ४ विकेट गुमाएर भेटायो । नेपालका प्रसिद्ध जैशीले ५५, रौनक श्रीवास्तवले ४० रन बनाए । सिङ्गापुरका आकाश तेजाले ३ विकेट लिए । यसअघि टस जितेर पहिला ब्याटिङ गरेको सिङ्गापुर ३६ ओभर १ बलमा १ सय ३८ रनमा अलआउट भयो । सिङ्गापुरका रिआन नैकले सबैभन्दा धेरै ५३ रन बनाए । नेपालका कप्तान विपिनप्रसाद शर्माले ४, सचिन भट्टले ३ विकेट लिए । १६ वर्षमुनिको इस्ट जोन कपमा १० वटा टोली सहभागी छन् । समूह 'ए' मा नेपालसहित सिङ्गापुर, इन्डोनेसिया, भूटान र जापान छन् । यस्तै समूह 'बी' मा आयोजक मलेशियासहित हङकङ, माल्दिभ्स, थाइल्यान्ड र म्यानमार छन् । नेपालले दोस्रो खेलमा पर्सि मंगलवार जापान, तेस्रो खेलमा असार १५ गते इन्डोनेसिया र समूह चरणको अन्तिम खेलमा असार १७ गते भूटानसँग खेल्नेछ । समूहका विजेता र उपविजेता सेमिफाइनलमा पुग्नेछन् । प्रतियोगिताको फाइनल खेल असार २१ गते हुनेछ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से ३२ दशमलव ९३ अङ्कले घट्यो



**पाल्पा,** असार ८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट आएको छ । साताको कारोबारको पहिलो दिन आइतबार नेप्से ३२ दशमलव ९३ अङ्कले घटेर दुई हजार पाँच सय ९५ दशमलव ९७ को बिन्दुमा कायम भएको हो ।

३ सय १० कम्पनीको दुई करोड १५ लाख ४७ हजार ५५ कित्ता शेयर ८७ हजार तीन सय दुई पटक खरिद बिक्री हुँदा नौ अर्ब १४ करोड ५८ लाख ५८ हजार ५ सय १० बराबरको कारोबार भएको हो । सो अवधिको कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी होटल तथा पर्यटन समूह तीन दशमलव १३ र जलविद्युत् समूह दुई दशमलव ७८ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८५, विकास बैंक शून्य दशमलव ८८, वित्त एक दशमलव शून्य नौ, लगानी शून्य दशमलव ९८ जीवन बिमा एक दशमलव शून्य छ र उत्पादन तथा प्रशोधन एक दशमलव शून्य पाँच प्रतिशतले घटेको छ । लघुवित्त एक दशमलव १५, म्युचुअल फण्ड शून्य दशमलव ३७, निर्जीवन बिमा शून्य दशमलव ४८, व्यापार शून्य दशमलव ७१ र अन्य समूह शून्य दशमलव ६१ प्रतिशतले घटेको छ । जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ । प्युअर इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेडको ७५ करोड ७३ लाख ९७ हजार ३७१ बराबरको २१ करोड ८३ लाख ८२२ बराबरको कारोबार भएको छ ।

# बालश्रम अन्त्य गरौं

**बालश्रमका कारण :**

-शिक्षाबाट बञ्चित हुने,

-मानसिक र शारीरिक स्वास्थ्यमा असर पर्ने,

-भविष्य अन्धकार हुने,

-बालअधिकारको उल्ङघन हुन्छ,

**त्यसैले:**

-बालश्रमको विरोध गरौं,

-शिक्षाको पहुँच सबैमा सुनिश्चित गरौं,

-गरिबी निवारणमा सहयोग गरौं,

-बालश्रम गराउनेलाई कानुनी कारवाही गर्न सहयोग गरौं,



नेपाल सरकार

विज्ञापन बोर्ड


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई